कम्पनीको प्रथम बार्षिक साधारण सभामा
प्रस्तुत

# सञ्चालक समितिको प्रतिवेदन

क) बिगत बर्ष (आ.ब. ०६१/६२) को कारोवारको सिंहाबलोकनः

यस प्रतिवेदनले २०६१ साल पौष ९ गते देखि २०६२ साल आषाढ मसान्तसम्मको गतिविधिहरूलाई मात्र समेटेको छ।

यस कम्पनी २०६१ साल पौष ९ गते कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भयो। बीमा समितिबाट इजाजत पाउन कम्पनीको सम्भाव्यता प्रतिवेदन तयार गरी पेश गर्ने जस्ता प्रक्रिया पूरा गर्दा र शेयर बापतको रकम उठाउंदा कम्पनीलाई बीमा समितिबाट २०६२ साल आषाढ ३१ गते कारोवार सञ्चालन इजाजतपत्र प्राप्त भयो र २०६२ साल श्रावण ४ गते कम्पनी रजिष्टारको कार्यालयबाट कारोवार गर्ने स्वीकृति पत्र प्राप्त भयो।

उल्लेखित अबधिमा कुनै व्यबसायिक कारोवार हुन सकेन। कारोवार नभएपनि कारोवार सञ्चालनको लागि आबश्यक पर्ने कम्पनीको संगठनात्मक तालिका, कर्मचारीको दरबन्दी, कर्मचारी सेवा शर्त सम्बन्धी विनियम, आर्थिक विनियम आदि नीति नियमहरू तर्जुमा गरी सञ्चालक समितिबाट पारित गरियो। साथै कम्पनीको कार्यालय र कर्मचारी छनौट गरी आबश्यक पर्ने फर्निचर, टेलिफोन, फ्याक्स, कम्प्युटरहरूको जोरजाम गरियो।

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असरः

आ.ब. २०६१/६२ मा कम्पनीले कुनै व्यबसायिक कारोवार नगरेको।

ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धी र भबिश्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणाः

मितिः २०६३/२/१७ गते बसेको सञ्चालक समितिको १० औं बैठकले साधारण सभा बोलाउने निर्णय गरेको र यस प्रतिवेदनको हकमा चालु बर्ष भन्नाले २०६२ साल श्रावण १ गतेदेखि २०६३ साल बैशाख मसान्तसम्मको अबधिलाई लिइएको छ।

सर्बप्रथम २०६२ साल श्रावण ४ गतेदेखि कम्पनीले व्यबसायिक कारोवार शुरू गर्‍यो। २०६३ साल बैशाख मसान्तसम्म कूल बीमाशुल्क आर्जन रू. ७,१३,२२,३३९/५४ रहेको छ। असार मसान्तसम्ममा रू. १० करोड आर्जन गर्ने गर्ने लक्ष्य राखिएको छ।

शेयर पूंजी बापत प्राप्त रू. १० करोड मध्ये रू. ९ करोड बीमा समितिको निर्देशानुसार बिभिन्न बैंक तथा वित्तीय संस्थाहरूको मुद्दती हिसावमा लगानी गरिएको छ। यी लगानीहरूबाट कम्पनीलाई बार्षिक रू. १०,८२,९५०/- व्याज आम्दानी प्राप्त हुनेछ।

२०६३ साल बैशाख मसान्तसम्ममा नारायणगढ, बनेपा, पोखरा बुटवल, धनगढी बिराटनगर गरी ६ वटा शाखा कार्यालयहरू स्थापना गरी सो क्षेत्रहरूबाट कारोवार सञ्चालन भै आएको छ। साथै तातोपानी भन्सार नाकामा काउण्टर स्थापना र काठमाडौंको नयां सडकमा कार्यालय बिस्तार गरिएको छ। आषाढ मसान्तसम्ममा नेपालगञ्ज शाखा र हेटौंडामा सम्पर्क कार्यालय खोल्ने भरमग्दुर प्रयास गरिनेछ। आगामी आर्थिक बर्षको ३ महिनाभित्रमा बीरगञ्ज शाखा कार्यालय खोलिने र आगामी आर्थिक बर्षभित्र बिर्तामोड, धरान तथा जनकपुरमा सम्पर्क कार्यालय खोलिने योजना रहेको छ।

कम्पनीले प्रदान गर्ने सेवाको गुणस्तरमा बृद्धि गर्न तथा कम्पनीको हरेक कारोवारलाई पारदर्शी तवरबाट एकिकृत कम्प्युटर प्रणालीमा लैजाने उद्देश्यले सफ्टवेयर जडान गरी आधुनिक व्यबसायिकताको प्रारम्भ गरेको छ।

२०६३ सालको आगमनसंगै नेपालको राजनीतिक अबस्था सुधारोन्मुख हुंदै जाने सम्भावना देखिएको हुंदा यसबाट बीमा व्यबसायमा पनि सकारात्मक प्रभाव पर्ने अपेक्षा राखिएको छ।

घ) कम्पनीको औद्योगिक तथा व्यबसायिक सम्बन्ध

कम्पनीका ३४ जना संस्थापक शेयरधनीहरू तथा सञ्चालकहरूको व्यबसायिक शाख, कार्यकुशलताबाट कम्पनीको औद्योगिक तथा व्यबसायिक सम्बन्ध सुमधुर रहेको जानकारी गराउंछौं ।

बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, बीमा अभिकर्ता एवं सर्भेयरहरूबाट यस कम्पनीलाई आबश्यक सहयोग प्राप्त भै रहेको छ । यसको लागि हामी सबैप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

बिदेशी पुनर्बीमा कम्पनीहरूसंगको सम्बन्ध राम्रो रहेको र त्यस्ता कम्पनी एवं ब्रोकरहरूबाट यस कम्पनीले पर्याप्त सहयोग प्राप्त गरी रहेको छ । साथै देशभित्र रहेका बिभिन्न बीमा कम्पनीहरूसंग कायम रहेको सुमधुर सम्बन्धको कारण आन्तरिक पुनर्बीमा आदान-प्रदान गरी कम्पनीको कूल बीमाशुल्कको करीब ८% आन्तरिक पुनर्बीमाबाट आर्जन भएको छ । यसबाट कम्पनीले राम्रो प्रतिफल प्राप्त गर्न तथा बीमा बजारमा राम्रो शाख आर्जन गर्न सफल भएको छ ।

ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारणः

सञ्चालक समितिको हालको संरचना देहाय बमोजिम रहेको जानकारी गराउंछौंः

| | |
|---|---|
| श्री हिमालय शम्शेर ज.ब.राणा | अध्यक्ष, सञ्चालक समिति, |
| श्री शैलेन्द्र कुमार श्रेष्ठ | प्रबन्ध संचालक, |
| श्री सुरज वैद्य | सञ्चालक, |
| श्री चिन्तामणि भट्टराई | संचालक (प्रतिनिधि-श्री लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लि.), |
| श्री दुर्गा बहादुर श्रेष्ठ | संचालक (प्रतिनिधि-श्री नेपाल हिमालयन ट्रेड कम्पनी प्रा.लि.), |
| श्री मिङ्मा दोर्जी शेर्पा | सञ्चालक, |
| श्री मनोहर दास मूल | सञ्चालक, |
| श्री शङ्कर घिमिरे | सञ्चालक, |
| श्री श्याम बहादुर श्रेष्ठ | सञ्चालक । |

उल्लेखित सञ्चालकज्यूहरू मध्ये प्रथम सञ्चालक श्री नारायण सिंह पुनले राजीनामा दिनु भै सो स्थानमा संस्थापक श्री मनोहर दास मूललाई नियुक्त गरिएको र कम्पनीको नियमावलीमा व्यबस्था भए अनुसार सर्वसाधारणमा शेयर जारी भै उनीहरूको तर्फबाट प्रतिनिधित्व भै नआएसम्मको लागि उनीहरूको लागि छुट्याइएको २ जना सञ्चालक पदमा संस्थापकद्वय श्री शङ्कर घिमिरे र श्री श्याम बहादुर श्रेष्ठलाई मनोनयन गरी माथि उल्लेख भए बमोजिम ९ सदस्यीय सञ्चालक समिति गठन गरिएको जानकारी गराउंछौं ।

च) कारोवारलाई असर पार्ने मुख्य कुराहरूः

बीमा कम्पनीकोहरूको संख्या बढ्दै जानु र व्यवसायको दायरा तथा बीमाशुल्क आयतनमा सोही अनुपातमा बढ्न नसक्नुको कारण यो व्यबसाय अत्यन्तै प्रतिष्पर्धात्मक रहेको छ । विश्व व्यापार संगठनमा नेपालको प्रबेशको कारण ठूलो लगानीका बिदेशी कम्पनीहरूले सन् २००७ पश्चात नेपाली बीमा व्यबसायमा हात हाल्न सक्ने अबस्था रहेको र सानो पूंजीबाट सञ्चालित नेपाली बीमा कम्पनीहरूले उनीहरूसंग व्यबसायिक प्रतिष्पर्धा गर्नुपर्ने अबस्था निकै चुनौतिपूर्ण रहेको छ । साथै राजनीतिक अस्थिरताको कारण देशको हरेक व्यबसायमा परेको असरबाट यस कम्पनी समेत अछुतो रहन सकेन ।

उद्योग तथा मोटर बीमामा आतङ्कबाद जोखिमकै कारणबाट बीमाशुल्क बढेको भएपनि सोको अनुपातमा नाफाको दर न्यून छ । अग्नी बीमा तथा मोटर बीमामा कूल बीमा शुल्कको झण्डै ४० प्रतिशत आतङ्कबाद जोखिमको बीमा शुल्क हुने र सोको ९७ प्रतिशत रकम आकस्मिक बीमाकोषमा पूनर्बीमा स्वरूप बुझाउनुपर्ने हुन्छ । अन्य पूनर्बीमा कमिशनको तुलनामा न्युन प्रतिशत मात्र प्राप्त हुने भएको हुंदा यसबाट नाफामा असर पर्न जाने देखिन्छ ।

छ) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया:

सञ्चालक समितिले पारित गरी लेखापरीक्षक श्री जे.बि. राजभण्डारी एण्ड एशोसियट्सले प्रमाणित गरेको २०६२ साल आषाढ मसान्तसम्मको वासलात अनुसार पूंजी तथा दायित्वमा रू. १०,१७,०७,५९२/- र सम्पत्ती तथा जायजेथामा सोही अङ्क उल्लेखित छ ।

कारोवार नगरिएको हुंदा नाफा नोक्सान हिसाव प्रस्तुत छैन । प्रारम्भिक तथा पूर्व सञ्चालन खर्चको बिबरण वासलातको अनुसूचि "झ" मा संलग्न छ ।

लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको छैन । प्रस्तुत आ.ब. ०६१/६२ को वासलात नाफा नोक्सान, नगद प्रवाह, प्रारम्भिक तथा पूर्व सञ्चालन खर्चको हिसाव बिबरण अनुमोदन गरिदिनुहुन साधारण सभालाई बिनम्र आग्रह गर्दछु ।

ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम:

आ.ब. २०६१/६२ मा कारोवार नभएको कारण लाभांश बांडफांडको व्यबस्था नभएको ।

झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत गर्नुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र सो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको बिबरण:

| जफत संख्या | अङ्कित मूल्य प्रति शेयर | भुक्तानी भएको रकम ५% ले रू. | बिक्री पश्चात प्राप्त रकम रू | फिर्ता गरेको रकम रू. |
|---|---|---|---|---|
| ११५००० थान | रू. १०० | ७,५०,०००/- | ७,५०,०००/- | ७,५०,०००/- |

ञ) बिगत आर्थिक बर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रकृति र सो आर्थिक बर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन:

सहायक कम्पनी नभएको ।

ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अबधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन:

सहायक कम्पनी नभएको ।

ठ) बिगत आर्थिक बर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले उपलब्ध गराएको जानकारी:

नभएको ।

ड) बिगत आर्थिक बर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको बिबरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी:

| सिनं | सञ्चालकहरूको नाम | शेयर संख्या |
|---|---|---|
| १ | श्री हिमालय शम्शेर ज.ब.राणा | ६५,००० |
| २ | श्री सुरज वैद्य | ६५,००० |
| ३ | श्री लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं. लि. (प्रतिनिधि-श्री चिन्तामणि भट्टराई) | ५०,००० |
| ४ | श्री नेपाल हिमालयन ट्रेड कम्पनी प्रा.लि. (प्रतिनिधि-श्री दुर्गा बहादुर श्रेष्ठ) | १,२५,००० |
| ५ | श्री शैलेन्द्र कुमार श्रेष्ठ | १५,००० |

| | | |
|---|---|---|
| ६ | श्री मिङ्मा दोर्जी शेर्पा | ३०,००० |
| ७ | श्री मनोहर दास मूल | ६५,००० |
| ८ | श्री शङ्कर घिमिरे | ३४,००० |
| ९ | श्री श्याम बहादुर श्रेष्ठ | २०,००० |

कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न नरहेको ।

ढ) बिगत आर्थिक बर्षमा कम्पनीसंग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलव्ध गराइएको जानकारीको व्यहोराः

नभएको ।

ण) कम्पनीले आफ्नो शेयर आफैं खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकमः

नभएको ।

त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको बिस्तृत बिबरणः

कम्पनीको आन्तरिक नियन्त्रणलाई नियमित र व्यबस्थित गर्नको लागि आर्थिक विनियम जरी गरिएको छ । हरेक कर्मचारीहरूको कार्यबिबरण तोकिएको र सोही अनुसार अख्तियारी सुम्पिइएको छ ।

सञ्चालक समितिको निर्णय, नीति, निर्देशन अनुसार काम गर्ने सिलसिलामा कम्पनी व्यबस्थापनलाई सहयोग गर्ने उद्देश्यले सञ्चालकहरू संलग्न रहेको देहाय बमोजिमको ५ वटा समितिहरूको गठन गरिएकोछः

१) ४ जना सञ्चालकहरू रहेको कार्यकारी समिति,

२) ३ जना सञ्चालकहरू रहेको दावी समिति,

३) ३ जना सञ्चालकहरू रहेको लेखापरीक्षण समिति,

४) ४ जना सञ्चालकहरू रहेको लगानी समिति,

५) ५ जना सञ्चालकहरू तथा १ जना बिज्ञ रहेको मानविकी संशाधन उप-समिति ।

थ) बिगत आर्थिक बर्षको कूल व्यबस्थापन खर्चको बिबरणः

बिगत आर्थिक बर्षको कूल व्यबस्थापन खर्च रू. ८,३८,०७३/९० रहेको छ ।

द) लेखापरिक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुबिधा, सो समितिले गरेका काम कारबाहीको बिबरण र सो समितिले कुनै सुझाव दिएको भए सोको बिबरणः

सञ्चालकहरू श्री सुरज वैद्य, श्री मनोहर दास मूल र श्री श्याम बहादुर श्रेष्ठ सम्मिलित ३ सदस्यीय लेखापरीक्षण समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका सदस्यहरूलाई बैठक भत्ता बापत प्रति बैठक रू. २,०००/- को व्यबस्था गरिएको र यस बाहेक अन्य सुबिधाको व्यबस्था गरिएको छैन ।

लेखापरीक्षण समितिले प्रथम बैठक बसी आ.ब. २०६२/६३ को लागि लेखापरीक्षकको नियुक्ति गर्न साधारण सभामा सिफारिस गरेको र आन्तरिक लेखापरीक्षक चयन गर्ने तथा आन्तरिक लेखापरीक्षणको लागि आबश्यक व्यबस्था गर्ने बिषयमा प्रक्रियाहरूको थालनी गरेको छ ।

ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः

नभएको ।

न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुबिधाको रकमः

समीक्षा अबधिमा सञ्चालकहरूलाई कुनै पारिश्रमिक, भत्ता तथा सुबिधा भुक्तानी गरिएको छैन । चालु आ.ब.मा पनि बैठक भत्ता बाहेक सञ्चालकहरूलाई कुनै पारिश्रमिक, भत्ता तथा सुबिधा भुक्तानी गरिएको छैन ।

कार्यकारी प्रमुखको रूपमा रहि कार्यरत प्रबन्ध सञ्चालकलाई मितिः २०६२/३/०८ देखि मासिक रू. १,००,०००/- पारिश्रमिक भुक्तानी गरिएको छ ।

प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकमः

नभएको ।

फ) अध्यादेश तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुराः

नभएको ।

ब) अन्य आबश्यक कुराहरू

१) यस कम्पनीको संस्थापक शेयरधनीहरूको १० लाख थान साधारण शेयरहरू धितोपत्र बोर्डमा दर्ता गरिएको र धितोपत्र विनिमय बजारमा सूचिकरणको लागि निवेदन दिई कारबाहीको प्रक्रियामा रहेको छ ।

२) यस कम्पनीको जारी पूंजी १२ करोड ५० लाख मध्ये सर्बसाधारणहरूको नाममा जारी गर्नुपर्ने २०% ले हुन आउने २ करोड ५० लाख शेयरहरू सार्वजनिक निष्काशनको लागि आबश्यक प्रक्रियाको थालनी गरिनेछ ।

३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.ब. २०६२/६३ को लेखापरीक्षक तथा कर लेखापरीक्षण गर्नको लागि समेत सो पदमा चार्टर्ड एकाउण्टेण्ट श्री जे.बि. राजभण्डारी एण्ड एशोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट जितेन्द्र बहादुर राजभण्डारीलाई नियुक्त गरी पारिश्रमिक बापत रू. ७५,०००/- प्रदान गर्ने प्रस्ताव गरिएको छ ।

कम्पनीको व्यबसायिक बिकासमा निरन्तर प्राप्त सहयोगको लागि शेयरधनी महानुभावहरूप्रति सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यबाद ज्ञापन गर्दछौं । आउंदा दिनहरूमा पनि यस कम्पनीले सबै शेयरधनी महानुभावहरूको आ-आफ्नो क्षेत्रमा रहेको व्यबसायिक दक्षताको सदुपयोग गर्ने अबसर प्राप्त गरी नै रहने बिश्वास लिएका छौं ।

यस कम्पनीको बिकासको क्रममा सहयोग र योगदान दिने बीमा समिति, कम्पनी रजिष्टारको कार्यालय, धितोपत्र बोर्ड, बीमा तथा पुनर्बीमा कम्पनीहरू, ब्रोकरहरू, उद्योगी व्यबसायी, सम्पूर्ण ग्राहक महानुभावहरू एवं कर्मचारीबर्गप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दै भविश्यमा पनि सबैको निरन्तर सहयोगको अपेक्षा गरेका छौं । साथै सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट सभाको कार्यसूचिमा उल्लेखित प्रस्तावहरू पारित गरी तथा कम्पनीलाई रचनात्मक सुझावहरू दिई सहयोग गरीदिनु हुनेछ भन्ने बिश्वासका साथ प्रतिवेदन टुङ्ग्याउने अनुमति चाहन्छु ।

धन्यबाद ।

शैलेन्द्र कुमार श्रेष्ठ
प्रबन्ध सञ्चालक

हिमालय शम्शेर ज.ब. राणा
अध्यक्ष/सञ्चालक समिति